नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
असोज/कार्तिक २०७९ (October2022) वर्ष २५/अङ्क २८४

## मानिसले खोजेको पहिचान

- एल्डर सिमोन पाठक

संसारमा धेरै मानिसहरूले एउटा प्रश्नको उत्तर खोजिराखेका छन् । त्यो प्रश्न चाहिँ हो, म को हुँ ? (Who am I) ? मेरो पहिचान (Identity) के हो ? मानिसहरूले आज आफ्नो पहिचान खोजिराखेका छन् । कति मानिसहरूले आफ्नो पहिचान बनाउने क्रममा आफ्नो जीवन बर्बाद पनि गरिराखेका छन् ?

पहिचान बनाउने क्रममा कतिजना कसैसँग सम्बन्धमा जोडिन हतार गर्छन् । कसैसँग सम्बन्ध जोडेपछि मेरो पहिचान बन्छ भनी विचार गर्छन् । विशेष् गरी युवा युवतीहरू कसैसँग सम्बन्धमा छु भन्ने कुराको जानकारी दिन हतार गर्छन् । उनीहरूको सोच हुन्छ यसले मेरो पहिचान दिन्छ ।

कतिजनाले नाउँ चलेका व्यक्तिहरूसँग सेल्फी खिचेर पहिचान बनाउन खोजिरहेका छन् । देशको राष्ट्रपति, प्रधानमन्त्री, वरिष्ठ नेताहरू, नगरपालिकाका मेयरहरू, नाउँ चलेका कलाकार, खेलाडीहरूसँग फोटो खिँचेर, सेल्फी खिचेर फेसबूकमा, सामाजिक संजालहरूमा हालेर आफूलाई चिनाउन चाहन्छन्। मानिसहरूलाई आफ्नो पहिचान दिन कोशिश गरिराखेका छन् ।

कति मानिसहरू आफ्नो पहिचान नाउँको अगाडि डाक्टर, रेभरेण्ड, पास्टर, बरिष्ठ पास्टर, फादर, बिशप, अपोसटल थपेर आफ्नो पहिचान बनाउन खोजिराखेका छन् । कतिजना सेलेब्रेटी बनेर आफ्नो पहिचान दिन खोजिराखेका छन् ।

तर सुक्ष्म रुपमा अध्ययन गर्‍यो भने यी सबै कुराहरू प्राप्त गरिसक्दा पनि मानिसमा एउटा खालीपन भेटिन्छ । जीवनको अन्तमा मुखले नभने पनि उसको मनले उपदेशकमा लेखिएको कुरा सही रहेछ भनेर समर्थन जनाउन थाल्छ ।

**यसैले मैले मेरो जीवनलाई घृणा गरें, किनभने सूर्यमुनि गरेको काम मेरो निम्ति दु:खदायी रहेछ । ती सबै व्यर्थ हुन्, बतासलाई खेदेको जस्तो मात्र । सूर्यमुनि सबै कुरा, जसका निम्ति मैले परिश्रम गरेको छु, ती सबै मैले घृणा गरेँ, किनभने मैले ती मपछि आउनेको निम्ति छोड्नैपर्छ** (उपदेशक २:१७-१८) ।

**सोलोमन राजाको जीवनमा के कुरा थिएन ?**

ज्ञान बुद्धिको क्षेत्रमा त्यो समयमा ऊ जस्तो ज्ञान र बुद्धिको भण्डार भएको व्यक्ति कोही थिएन ।
केटीहरूले मन पराउने हिरोहरूमा ऊ जस्तो नाउँ चलेको हिरो कोही थिएन ।
नाउँ पदवीको क्षेत्रमा ऊ जस्तो नाउँ चलेको राजा त्यो समयमा कोही थिएन ।
त्यो समयमा संसारको मोजमस्ती गर्ने क्षेत्रमा सोलोमन राजा जस्तो कोही थिएन ।
तर जीवनको अन्तमा त्यही व्यक्तिले के भन्छ,
सबै कुरा मेरो निम्ति दु:खदायी मात्र रहेछ ।
सबै कुरा मेरो निम्ति व्यर्थ रहेछ ।

संसारको तरिकाले, संसारको सोचविचारले, संसारको मान पदवीले, संसारको धन सम्पत्तिले आफ्नो पहिचान बनाउन खोज्ने मानिसहरू जीवनको अन्तमा सोलोमन राजाको जीवनको अनुभवमा सहमति जनाउँदै सबै कुरा व्यर्थ रहेछ भनी सहमत जनाउन पुग्छन् ।

**के परमेश्वरलाई चिनेका मानिसहरू पनि संसारको तरिकाले आफ्नो पहिचान बनाउन खोजिराखेका छौं ?**

मानिसको साँचो पहिचान परमेश्वरसँग ठीक सम्बन्धमा रहेपछि मात्र बन्दछ । परमेश्वरसँग ठीक सम्बन्धमा नरहेसम्म एउटा व्यक्तिले आफ्नो वास्तविक पहिचान बुझ्न सक्दैन ।

सिमोन पत्रुसले रातभरि जाल हान्यो, एउटै पनि माछा पक्रन सकेन । बिहानीपख प्रभु येशूसँग भेट हुन्छ । प्रभुले भन्नुहुन्छ, दाहिनेतिर जाल हान । जब उसले प्रभुले भन्नुभएअनुसार जाल हान्छ, उसले नसोचेको कुरा त्यहाँ घट्न पुग्छ । उसको डुंगा माछाले भरिन्छ, साथीको डुंगा पनि माछाले भरिन पुग्यो । त्यसदिनदेखि सिमोन पत्रुसको पहिचान बदलियो । माछा पक्रिने मछुवा, प्रभुसँग ठीक सम्बन्धमा रहेपछि येशूको चेला भयो । मान्छेहरू पक्रने मानिस बन्यो । उसको खास पहिचान प्रभुले भनेको आज्ञापालन गरेपछि शुरू भयो ।

**परमेश्वरको आज्ञापालन गर्नेहरूलाई उहाँले जे गरिदिन्छु भन्नुभएको छ, त्योचाहिँ हाम्रो पहिचान हो ।**

**आज मैले तिमीहरूलाई आदेश दिएबमोजिम तिमीहरूले होशियारीसाथ परमप्रभु आफ्ना परमेश्वरका सबै आज्ञाहरू मानेर उहाँको वचन पालन गर्‍यौ भने, उहाँले तिमीहरूलाई पृथ्वीका सबै जातिहरूमध्ये श्रेष्ठ तुल्याउनुहुनेछ** (व्यवस्था २८:१) ।

**"पृथ्वीमा सबै जातिहरूमध्ये श्रेष्ठ तुल्याउनेछु ।"** श्रेष्ठ तुल्याउनु भनेको उच्च पार्नु हो । सबैभन्दा माथि राख्नु हो । यो कुरा परमेश्वरले इस्राएलीहरूलाई भन्नुभएको हो । उनीहरूले परमेश्वरको आज्ञापालन गरे भने उनीहरूलाई अरू कसैले दबाउन सक्ने छैनन् । उनीहरू सर्वोच्चमा रहेछन् । यो कुरा उनीहरूको जीवनमा पूरा भयो । प्रतिज्ञाको मुलुकमा पुगेपछि यहोशूको नेतृत्वमा उनीहरूले लडाई जित्दै गएका थिए ।

यहोशू १२ अध्यायमा ३१ जना हारेका राजाहरूको नामावली

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी | गोदावरी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **असोज २२** October 8 | एल्डर अर्जुन ढकाल | श्री सरुष तामाङ्ग | एल्डर बागमान तामाङ्ग | डीकन राम ब. तामाङ्ग | श्री मिन ब. तामाङ्ग | श्री जीवन खालिङ | सह-पाष्टर रूबेन श्रेष्ठ | डीकनेस् शान्ता मगर | श्री विश्वास थापा | एल्डर यमदेवी पोखेल |
| **असोज २९** October 15 | एल्डर रत्नमान महर्जन | डीकन राजु तामाङ्ग | श्रीमती सुशिला नेवा | डीकन भूपाल तामाङ्ग | श्रीमती निशा तामाङ्ग | श्री ध्रुव घिमिरे | एल्डर श्रीलक्ष्मी सैंजु | श्री स्टिफन राई | एल्डर शरण राई | एल्डर भुवन देवकोटा |
| **कार्तिक ५** October 22 | एल्डर दिनेश न्यौपाने | एल्डर मान ब. मगर | डीकन बाल कृष्ण सिपाईं | श्रीमती माया लामा | श्री सुचन तामाङ्ग | एल्डर घनश्याम दाहाल | श्री सुकराम तामाङ्ग | श्री श्रीराम सुर्खेती | श्री जीवन खालिङ | डीकन कृष्ण नगरकोटी |
| **कार्तिक १२** October 29 | श्री विष्णु देउला | डीकनेस् रश्मिला तामाङ्ग | पाहुना वक्ता | संयुक्त सेवा सिर्जनानगर चर्च | एल्डर मान ब. मगर | एल्डर सीता गुरूङ्ग | सह-पाष्टर रूबेन श्रेष्ठ | डीकन रूद्र राई | डीकन अनिल चौधरी | श्री योना खालिङ |
| **कार्तिक १९** November 5 | पाष्टर अशोक मुखिया | श्री सुचन तामाङ्ग | डीकन सुनिल तामाङ्ग | डीकन सुबोध अधिकारी | डीकन राजु तामाङ्ग | पाष्टर बि.बि. खवास | डीकन सिमोन भण्डारी | एल्डर नभराज के.सी. | एल्डर आमोस खालिङ | श्री जीवन खालिङ |

छ । एकतीस जना राजाहरू इस्राएलीहरूको अधीनमा आए । इस्राएलीहरूको अघि उनीहरूले हार खाए ।

परमेश्वरले इस्राएलीहरूलाई यी सबै राज्यहरूमा उच्च पार्नुभयो । उनीहरूको शक्तिभन्दा माथि अर्को कुनै शक्तिशाली राज्य थिएन । राजाहरू पनि थिएन ।

**परमेश्वरको आज्ञा जसले पालना गर्छन्, उनीहरूलाई परमेश्वरले उच्च पार्नुहुनेछ । उनीहरू कस्ता मानिस भएर चिनिनेछन् सो कुरा व्यवस्था २८:१-१४ मा वर्णन गरिएको छ ।**

शहरमा आशिष्, गाउँ, बस्तीमा आशिष् पाएका मानिसहरूको रुपमा चिनिनेछन् ।
भित्र आउँदा र बाहिर जाँदा आशिष पाएका मानिसको रूपमा चिनिनेछन् ।
पवित्र जातिको रूपमा स्थापित हुनेछन् ।
परमेश्वरको नाउँ कहलिएका जातिको रूपमा चिनिनेछन् ।
पूच्छर होइन शिर हुनेछन्, फेदमा होइन टुप्पोमा हुनेछन् ।

उजाडस्थानमा इस्राएलीहरूको पहिचान धमिलिएको थियो । तर परमेश्वरले उनीहरूको पहिचान दिनुभयो ।
यहोशूको पुस्तक पढ्यौं भने इस्राएलीहरूको जीवनमा यी सबै कुराहरू पूरा भयो । परमेश्वरले उनीहरूको धमिलिएको पहिचान, कुनै देशनै नभएका मानिसहरू, जग्गा, जमीन, घर केही पनि नभएका मानिसहरूलाई राष्ट्र पनि दिनुभयो, शत्रुहरूमाथि विजयी पनि दिनुभयो, जग्गा, जमीन, घर सबै नै दिनुभयो । उनीहरूलाई सबै जातिमा शिर तुल्याउनुभयो ।

**नयाँ करारमा आएपछि येशू खीष्टमा विश्वास गर्नेहरूको पहिचान अझै उच्च पारिएको छ ।**

परमेश्वरबाट चुनिएका मानिसहरू
परमेश्वरबाट बोलाइएका मानिसहरू
परमेश्वरको सन्तानहरू
खीष्ट येशूमा असल कामको निम्ति सृजना गरिएका परमेश्वरका हातका सीपहरू
स्वर्गको नागरिकहरू
स्वर्गको हकदार
अनन्त जीवन पाएका मानिसहरू
शान्ति, आनन्द, विश्राम पाएका मानिसहरू
पाप, अधर्मबाट छुटकारा पाएका मानिसहरू
स्वर्गीय स्थानका आत्मिक आशिषहरू पाएका मानिसहरू भनी बताइएको छ ।

यदि हामीमध्ये कोही अहिलेसम्म “म को हुँ” (Who am I) भनेर आफ्नो पहिचान खोजिराखेका छौं भने येशू खीष्टलाई चिन्नुहोस्, उहाँले “गर” भन्नुभएका कुराहरू गर्नुहोस्, वचनअनुसार जीवन जिउन शुरू गर्नुहोस् । तपाईले आफ्नो वास्तविक पहिचान थाहा पाउनुहुनेछ ।

खीष्टमा आफ्नो पहिचान बनाएकाहरू संसारको तरिकाले आफ्नो पहिचान बनाएकाहरू भन्दा महान हुनेछन् ।

स्वर्गीय आदरणीय पास्टर रोबर्ट कार्थक गुरुबाले संसारको तरिकाले आफ्नो पहिचान बनाउन कहिल्यै चाहनुभएन । संसारको तरिकाले आफ्नो पहिचान दिने धेरै अवसर उहाँलाई आए तर उहाँले खीष्टको तरिकाले अफ्नो पहिचान बनाउने कुरालाई रोज्नुभयो । उहाँले खीष्टमा आफ्नो पहिचान बनाउनुभयो । खीष्टको निम्ति जिउनुभयो । खीष्टको निम्ति काम गर्नुभयो । अन्तमा खीष्टकै राज्यमा जानुभयो ।

के यो नमूनालाई हामीले नपछ्याउने ? खीष्टलाई चिनेका मानिसहरूको पहिचान खीष्टमा नै प्राप्त हुन्छ चन्ने सत्यतालाई जानेर जीवन जिउनुमा नै आफ्नो वास्तविक पहिचान भेटाउनु हो ।

## जानकारी



सिफल बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य डीकन तार्गेन लेप्चा ६९ वर्षको उमेरमा २०७९ भदौ २२ गते/सेप्टेम्बर ०७ तारिख २०२२ बुधबार प्रभुमा सुत्नुभयो ।



नयाँ वानेश्वर बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री मोहन कार्की ६८ वर्षको उमेरमा २०७९ भदौ २६ गते/सेप्टेम्बर ११ तारिख २०२२ आइतबार प्रभुमा सुत्नुभयो ।

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **मिति** | **डाँछी** | **जोरपाटी** | **जहरसिंह पौवा** | **गाम्छा** | **सुन्दरीजल** | **साँखु** | **चाँगु** | **सापटार** | **गोंगबूँ** | **धापासी** | **भंगाल** |
| **असोज २२** October 8 | पाहुना वक्ता | संयुक्त सेवा डाँछी चर्च | संयुक्त सेवा डाँछी चर्च | संयुक्त सेवा डाँछी चर्च | संयुक्त सेवा डाँछी चर्च | संयुक्त सेवा डाँछी चर्च | संयुक्त सेवा डाँछी चर्च | संयुक्त सेवा डाँछी चर्च | एल्डर पिटर लिम्बू | एल्डर छोदेन कार्थक | एल्डर राजु श्रेष्ठ |
| **असोज २९** October 15 | डीकन सुनिल मुनिकार | पाष्टर प्रेम श्रेष्ठ | एल्डर सागर थापा | एल्डर गोपी राई | एल्डर अष्ट श्रेष्ठ | एल्डर जमान घ्लान | श्री उमेश मगर | श्री अमृत लामा | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर पिटर लिम्बू | डीकन डि.बि. राई |
| **कार्तिक ५** October 22 | एल्डर पेशल राई | पाहुना वक्ता | श्रीमती सलोमी दों | एल्डर अष्ट श्रेष्ठ | श्री विकास श्रेष्ठ | सुश्री रोना श्रेष्ठ | एल्डर राज गुरूङ्ग | श्रीमती सावित्री नगरकोटी | एल्डर बेन्जामिन तामाङ्ग | डीकन सुक्र घिमिरे | एल्डर बि.एन पण्डित |
| **कार्तिक १२** October 29 | श्री लेखनाथ पौडेल | डीकनेस् रुष माया लामा | डीकन मोहन श्रेष्ठ | श्री अमृत लामा | डीकन कृष्ण तामाङ्ग | श्री कृष्ण श्रेष्ठ | श्री उमेश मगर | श्रीमती देवकी लामा | श्री कुमार सेन्चुरी | डीकन अनिल आले | एल्डर बेन्जामिन तामाङ्ग |
| **कार्तिक १९** November 5 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर लाक्पा लामा | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | संयुक्त सेवा डाँछी चर्च | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर कर्ण तामाङ्ग | एल्डर जोरविर राई |



जहरसिंह पौवा बस्नुहुने नेइम जहरसिंहपौवा चर्चको सदस्य श्री बुद्धेराज बज्यू ९६ वर्षको उमेरमा २०७९ भदौ २६ गते/सेप्टेम्बर ११ तारिख २०२२ आइतबार प्रभुमा सुत्नुभयो ।

भूल सुधारः गत अंकको सूचना पत्रमा विवाहको सूचना निम्न बमोजिम प्रकाशित नभएकोमा क्षमाप्रार्थी छौं ।



२०७९ साउन २५ गते/अगष्ट १० तारिख, २०२२ बुधबार नेइम जोरपाटी चर्चको सदस्य श्री विशाल श्रेष्ठ र नेइम साँखु चर्चको सदस्य सुश्री संगीता परियारको नेइम जोरपाटी चर्च, डाँछीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती विशाल र संगीता श्रेष्ठलाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## अक्टोबर महिनाको कार्यक्रम

- असोज १९ गते/अक्टोबर ५ तारिख बुधबार **शरद सम्मेलन** आ-आफ्नो मण्डलीमा ।
- कार्तिक १ गते/अक्टोबर १८ तारिख मंगलबार बिहान १०:०० बजे **महिला उपवास प्रार्थना** आ-आफ्नो मण्डलीमा ।
- कार्तिक ७-१० गते/अक्टोबर २४-२७ तारिख **युवा शिविर** आ-आफ्नो स्थानमा ।

## मिशनेरीहरूको लागि प्रार्थना

श्रीमती सेल्भी नेपाली र परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## विशेष प्रार्थना

१. देशको राजनैतिक, सामाजिक, आर्थिक, भौतिक, शैक्षिक, स्वास्थ्य, सम्पूर्ण क्षेत्रहरूमा सुधार, परिवर्तन, उन्नति, प्रगतिको लागि प्रार्थना गरौं ।

२. चाडपर्वको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू, प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

४. असोज/कार्तिक (अक्टोबर) महिनामा देशका विभिन्न मण्डलीहरूमा हुने सेवा संगति तथा सम्मेलनहरूको लागि प्रार्थना गरिदिऔं ।

५. सम्मेलनको समयमा मण्डलीबाट विभिन्न ठाउँमा सेवकाइ साथै पारिवारिक भेटघाटको लागि जानुहुनेहरूको लागि प्रार्थना गरिदिऔं ।

६. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै मण्डलीको सेवा संगतिहरूमा सहभागी भई आफै पनि ख्रीष्टमा बनिँदै, एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

७. शारीरिक तथा मानसिक रोग लागेका रोगी बिरामीहरूको लागि प्रार्थना गरिदिऔं ।

८. प्रभुलाई चिनेर पनि फेरि संसारतिर फर्केर जानभुएकाहरू अनुग्रहको समय छँदानै प्रभुमा फर्केर आउन सकून् ।

९. सारा संसारभरि येशू प्रभुको नाउँको खातिर प्रभुका जनहरूलाई दुःख, कष्ट, खेदो, निन्दा, सतावट दिनेहरू कुनै न कुनै माध्यमद्वारा प्रभुको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | १६ 2<br>नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित भएर जानको लागि परमेश्वरबाटको विशेष अगुवाइ मागौं ।<br>यशैया ४५:१-४, ५४:२-३ | २३ 9<br>परमप्रभु परमेश्वरले राखिदिनु-भएका आशिषहरू उपभोग गर्दै आशिष् बन्नको लागि विश्वासको कदम चलाउन सकौं ।<br>एफिसी १:३, यहोशू १:३-५ | ३० 16<br>नेइम परिषद्का गुरुजनहरू पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून् ।<br>एफिसी ४:१-४ | ६ 23<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वास-योग्यताका साथ सधैं हेरचाह गर्न सकून् ।<br>प्रेरित ११:२४ | १३ 30<br>अगुवाको स्थानमा रहनुभएकाहरू उदाहरण भएर परमेश्वरको प्रेममा उहाँको बगाललाई हेरचाह गर्न र परमेश्वरमा डोऱ्याउन सकून् ।<br>१ पत्रुस ५:१-४ |
| **सोमबार**<br>Monday | १७ 3<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>यशैया ५४:१७, यूहन्ना १६:३३ | २४ 10<br>देशभरि हुने आराधना सेवाहरूमा चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | ३१ 17<br>मण्डलीका सबै सेवक-सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>१ पत्रुस ५:२-४ | ७ 24<br>प्रत्येक परिवारमा प्रभुलाई पाहुना होइन तर सधैं प्रभु मानेर आदर गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १२८:१-४ | १४ 31<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ |
| **मंगलबार**<br>Tuesday | १८ 4<br>मण्डलीका सबै विश्वासीहरू सँधै प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>१ थेसलोनिकी ५:१६-१८ | २५ 11<br>आफूले पाएको विभिन्न वरदानहरू मण्डली निर्माणको लागि प्रेम, विश्वास र नम्रतामा सबै परमेश्वरको महिमाको निम्ति चलाउन सकून् ।<br>रोमी १२:३-८, १ कोरिन्थी १३:१-३ | १ कार्तिक 18<br>सुसमाचारको काममा मण्डली अझ लागिपरेको कारण धेरै जना परमेश्वरको राज्यमा आउन सकून्<br>रोमी १०:१४-१५ | ८ 25<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनका निम्ति सबै जना बोझसहित लागिपर्न सकौं ।<br>मत्ती २८:१८-२० | १५ November 1<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू खीष्टको भएर जिउनको लागि बप्तिस्माको कदम उठाउन सकून् ।<br>२ कोरिन्थी ५:१५ |
| **बुधबार**<br>Wednesday | १९ 5<br>नेइमका सबै अगुवाहरूले आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>१ थेसोलोनिकी १:२-३ | २६ 12<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूका हृदयको आँखा खोलिदिऊन् ।<br>१ कोरिन्थी १५:५८ | २ 19<br>परमेश्वरको वचन सुन्न, बुझ्न र सुनेको वचनलाई मनन गरी त्यसअनुसार जिउनको लागि प्रार्थना गरिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ | ९ 26<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>२ कोरि.३:२-३, १ थेस.२:१०-१२ | १६ 2<br>झूठा शिक्षा र शिक्षकको भर्माउने कुराबाट होशियारी रहन मण्डलीका सबै सदस्यहरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>मत्ती २४:२४-२५ |
| **बिहीबार**<br>Thursday | २० 6<br>बाल संगतिका सबै बाल बालिकाहरू साथै शिक्षक/शिक्षिकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ६१:९, १ कोरिन्थी १५:५८ | २७ 13<br>विवाह बन्धनमा बाँधिएका सबै दम्पत्तिहरू आशिषित् भएर जिउनका लागि प्रार्थना गरिदिऔं ।<br>एफिसी ५:२२-३३ | ३ 20<br>आश्विन/कार्तिक (अक्टोबर) महिनामा हुने सेवा संगतिको लागि प्रार्थना गरिदिऔं ।<br>२ तिमोथी ३:१६, ४:१-५ | १० 27<br>मण्डलीका पाको उमेरका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४६:४ | १७ 3<br>सबै जवानहरूको प्रभुसँगको संगति, सुसमाचार प्रचार, पढाइ, काम, विवाह आदिको लागि प्रार्थना गरिदिऔं ।<br>हितोपदेश ३:१-६, १६:३ |
| **शुक्रबार**<br>Friday | २१ 7<br>आराधना सेवामा सेवा सञ्चालन, वचन प्रचार, र स्तुति प्रशंसा संचालन गर्नुहुनेहरू साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>मर्कूस १०:१३-१६, लूका २:४०, ५२ | २८ 14<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारसित फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू सबैको लागि प्रार्थनो गरिदिऔं ।<br>लूका १५:११-२४ | ४ 21<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले खीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>यशैया ४५:२०-२३ | ११ 28<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>यूहन्ना १५:१०, ३ यूहन्ना ६ | १८ 4<br>परमेश्वरमा निको हुने आशाले आउनुभएका रोगी-बिरामी, भूतात्मा लागेका र अन्य बन्धनमा परेकाहरूको जीवनमा चंगाई, छुट्कारा र स्वतन्त्र आएको होस् ।<br>भजनसंग्रह २२:५ |
| **शनिबार**<br>Saturday | २२ 8<br>परमेश्वरका छोराछोरीहरू जुन बोलावटमा बोलाइएका छन् त्यसअनुसार जिउन सकून् ।<br>एफिसी ४:१-६ | २९ 15<br>लागु पदार्थ, जाँड, रक्सी, चुरोट तथा अरू विभिन्न किसिमका बन्धनमा फसेका सबैले छुट्कारा पाई आशिषित जीवन जिउन सकून् ।<br>कलस्सी २:२१-२२ | ५ 22<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि, आत्मिक जागृति साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>भजनसंग्रह २६:२-८ | १२ 29<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून्<br>प्रेरित १:८, २:४२-४७ | १९ 5<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून् ।<br>भजनसंग्रह १४७:१-२० |

**तेरो जीवनभरि तेरो सामुन्ने कोही मानिस खडा हुन सक्नेछैन । जसरी म मोशासँग रहें, त्यसरी नै म तँसँग रहनेछु । म तँलाई छोड्ने, अनि तँलाई त्याग्नेछैनँ । "बलियो र खूब साहसी बन्, किनकि मैले पिता-पुर्खाहरूलाई दिन्छु भनी प्रतिज्ञा गरेको देश तिनीहरूको अधिकारमा गराउन तैंले तिनीहरूलाई अगुवाइ गर्नेछस् । बलियो र अति साहसी हो । मेरो दास मोशाले तँलाई आज्ञा गरेअनुसार सबै व्यवस्था पालन गर् । त्यसबाट दाहिनेतिर वा देब्रेतिर नफर्कनू, र तँ जहाँ गए पनि सफलता पाउनेछस् । व्यवस्थाको यो पुस्तक तेरो ओठबाट नहटोस्, तर त्यसमाथि तैंले दिनरात ध्यान गर्नू अनि त्यसमा लेखिएका सबै कुरा होशियारीसाथ पालन गर्नू, तेरा सबै मार्गहरूमा तैंले उन्नति गर्नेछस् र सफलता पाउनेछस् । तँलाई मेरो आज्ञा छ बलियो र खूबै साहसी हो, नडरा, निराश नहो, किनकि तँ जहाँ गए पनि, परमप्रभु तेरा परमेश्वर, तेरो साथमा हुनुहुनेछ ।" यहोशू १:५-९**